# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**दुहवी, सुनसरी**
**कोशी प्रदेश, नेपाल**

**प. सं. : ०७९/८०** फोन नं. : ०२५-५४००२४
**च.न. :**


दुहवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश दुहबी, सुनसरी स्था: २०७३

मिति : २०८०/०१/२६

**सूचना !** **सूचना !!** **सूचना !!!**

**विषय : अवैध घर टहरा तथा बनेका संरचना खाली गर्ने सम्बन्धी ३५ दिने सूचना**

यस नगरपालिकाको स्वामित्वमा रहेको जिल्ला सुनसरी साविक दुहवी गा.वि.स. हाल दुहवी नगरपालिका वडा नं ५ अन्तरगत रहेको जिल्ला सुनसरी दुहवी गा.प.वडा नं ६(ख) कि.नं. ३८ ज.वि. ०-१०-४ प्लट भित्र रहेका व्यक्ति तथा संस्थाका अवैध घर टहरा तथा बनेका संरचनाहरु यस नगरपालिकालाई नगरपालिकाको पूर्वाधार विकासका लागि सभागृह, सामुदायिक भवन लगायतका संरचनाहरु निर्माण गर्न उक्त कि.नं. ३८ ज.वि. ०-१०-४ प्लटमा बनेका संरचनाहरु खाली गर्नुपर्ने भएको हुँदा यस नगरपालिकाको मिति २०८०/०१/२० गतेको नगर कार्यपालिकाको अवैध घर टहरा तथा बनेका संरचनाहरु खाली गर्ने सम्बन्धमा भएको निर्णय बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र व्यक्ति/संस्थाले आ-आफुले निर्माण गर्नु भएको अवैध घर टहरा तथा बनेका संरचनाहरु हटाई सहयोग गरिदिनुहुन अनुरोध छ। सो सूचनाको अटेर गरी अवैध घर टहरा तथा बनेका संरचनाहरु नहटाएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम नगरपालिका आफैले घर टहरा तथा बनेका संरचना हटाई जग्गा खाली गरिनेछ। त्यसरी अवैध घर टहरा तथा बनेका संरचनाहरु खाली गर्नुपर्दा लागेको खर्चहरु सम्बन्धित व्यक्ति/संस्थाबाट कानून बमोजिम असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत सम्बन्धित सबै सरोकारवालाहरुलाई सूचित गरिन्छ।

..................................
(राजकुमार के.सी.)
प्रमुख प्रशासकीय अधिकृत

राजकुमार के. सी.
प्रमुख प्रशासकीय अधिकृत